**माडी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

घर्तीगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या: १ मिति: २०८०/०३/१०


## भाग-१

## माडी गाउँपालिका

### माडी गाउँपालिकाको विनियोजन ऐन, २०८०

**गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/१०**

*माडी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुका लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक*

**प्रस्तावना :**

माडी गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम माडी गाउँसभामा यो विधेयक पेश गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस विधेयकको नाम “माडी गाउँपालिकाको विनियोजन ऐन २०८०” रहेको छ ।

(२) यो विधेयक २०८० श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूचीमा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी **जम्मा ३७ करोड ७८ लाख १७**

**<u>हजार ६ सय १९</u>** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :** (१) यस विधेयकद्वारा कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त माडी गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट अर्को एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तिय खर्च व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन, तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

४. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने : यो विधेयकमा विनियोजन भएको रकम खर्च गर्न कार्यविधि तथा मापदण्ड बनाउन आवश्यक भएमा कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सकिनेछ ।

५. बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्ने : विनियोजन बजेट कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्नेछ । त्यसरी जारी गरिएको आदेश स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि मात्र लागू हुनेछ ।

# असुसूची - १
## (दफा २ सँग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | गाउँपालिका/वडा पालिका | ७,७७,५२,६१९ | ६,०६,२०,००० | | १३,८३,७२,६१९ |
| ३ | | विषयगत शाखा | ४,२९,९५,००० | १०,००,००० | | ४,३९,९५,००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **जम्मा** | १२,०७,४७,६१९ | ६,१६,२०,००० | | **१८,२३,६७,६१९** |

ɣ